# कृषि तथा पशुपन्छी क्षेत्रमा विपद् व्यवस्थापन कार्यविधि, २०७६

**प्रस्तावना** : प्रदेश नं. ५ भित्र कृषि तथा पशुपन्छी क्षेत्रमा प्रतिकूल असर पार्ने प्राकृतिक विपद् र गैर प्राकृतिक विपद् अन्तर्गत सुख्खा, बाढी, पहिरो, नदी कटान, डुबान, हावा हुरी, बतास, आगलागी चटयाङ्ग, करेन्ट, रोग तथा किरा आदिको आक्रमणले कृषकको खेत, बारी, वगैंचा र फर्ममा रहेको खडा बाली बस्तु विशेष, पशुपन्छीपालन, मत्स्यपालन र कृषि पूर्वाधारमा उत्पादनदेखि बजारीकरणको अवस्थासम्ममा क्षति पुऱ्याई कृषक र उद्यमीहरुको परियोजना तथा जिविकोपार्जनमा नकरात्मक असर पारेको देखिन्छ। यस्ता विपद्बाट नकारात्मक असर पुगेका कृषक परिवार तथा समूहहरुलाई प्रदेश सरकारको तर्फबाट केही राहत उपलव्ध गराई कृषि क्षेत्रमा दिगोपना ल्याउन कृषि तथा पशुपन्छी क्षेत्रमा विपद् व्यवस्थापन सहयोग कार्यक्रम संचालन गर्न प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "**कृषि तथा पशुपन्छी क्षेत्रमा विपद् व्यवस्थापन कार्यविधि, २०७६**" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकार, प्रदेश नं. ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "राहत" भन्नाले प्रदेश सरकारले कृषि तथा पशुपन्छी क्षेत्रमा प्रदान गर्ने विपद् प्रभावित परिवारलाई उपलव्ध गराईने नगद तथा जिन्सी लगायतका सेवा सुविधा सम्झनु पर्छ।

(ख) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीपनयापन र वातारणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद्लाई सम्झनु पर्छ।

(ग) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनाबृष्टि, बाढी, पहिरो तथा भूस्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट कृषि तथा पशुपन्छी क्षेत्रमा परेको जनुसुकै विपद् सम्झनु पर्छ।

(घ) "गैर प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरूङ्गीमा हुने फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा विपद् व्यवस्थापन कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक विपद्बाट कृषि तथा पशुपन्छी क्षेत्रमा परेको विपद् सम्झनु पर्छ।

(ङ) "दैवि प्रकोप" भन्नाले भुकम्प, आगलागि, आँधीवेहरी, वाढी, पहिरो, अतिवृष्टि अनावृष्टि, महामारी तथा यस्तै अन्य प्राकृतिक प्रकोपलाइ सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(छ) "सम्वन्धित कार्यालय" भन्नाले कृषि क्षेत्रको हकमा कृषि ज्ञान केन्द्र र पशुपन्छी तथा मत्स्य क्षेत्रको हकमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ।

(ज) "सम्वन्धित निर्देशनालय" भन्नाले कृषि क्षेत्रको हकमा कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य क्षेत्रको हकमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(झ) "राहत कार्यक्रम सिफारिश समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित जिल्लास्तरको समिति सम्झनु पर्छ।

(ञ) "राहत कार्यक्रम कार्यान्वयन समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित निर्देशनालयस्तरको समिति सम्झनु पर्छ।

(ट) "राहत कार्यक्रम व्यवस्थापन समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित मन्त्रालयस्तरको समिति सम्झनु पर्छ।

(ठ) "विपद् व्यवस्थापन" भन्नाले कृषि तथा पशुपन्छी क्षेत्रमा विपद् जोखिम न्यूनीकरण, विपद् पूर्व तयारी, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्वन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ।

(ड) "कृषि क्षेत्र" भन्नाले खेत, बारी, बगैंचा र फर्ममा रहेका खडा बाली बस्तु विशेष र कृषि पूर्वाधारमा उत्पादनदेखि बजारीकरणको अवस्थासम्मका क्रियाकलापहरुलाई सम्झनु पर्छ।

(ण) "पशुपन्छी क्षेत्र" भन्नाले पशुपन्छीपालन, मत्स्यपालन र सम्वन्धित पूर्वाधारमा उत्पादनदेखि बजारीकरणको अवस्थासम्मका क्रियाकलापहरुलाई सम्झनु पर्छ ।

३. **कार्यविधिको उद्देश्यहरु :** कार्यविधिको उद्देश्यहरु देहायबमोजिम हुनेछन् :

(क) प्राकृतिक विपद् र गैर प्रकृतिक विपद्बाट कृषि क्षेत्रमा प्रतिकूल असर परेको प्रभावित क्षेत्रमा राहत उपलव्ध गराउने।

(ख) प्राकृतिक प्रकोपवाट कृषि तथा पशुपन्छी क्षेत्रको लगानीमा नकारात्मक असर पर्न र उत्पादनमा ह्रास आउन नदिन सहयोग कार्यक्रम गर्ने,

(ग) प्राकृतिक प्रकोपबाट बाली बस्तु विशेष, पशुपन्छी तथा मत्स्य पालनमा उत्पादन कार्यदेखि बजारीकरणको अवस्थासम्म भएको कुनै पनि क्षतिबाट कृषकमा पर्न जाने जोखिम व्यवस्थापन गर्न सहयोग गर्ने र

(घ) कृषकहरुलाई कृषि पेशावाट पलायन हुनबाट रोकी कृषि क्षेत्रमा दिगोपना ल्याउने,

## परिच्छेद-३

## विपदवाट हुने क्षतिको किसिम र राहत प्रदान गर्ने आधार

४. **राहत प्रदान गर्ने आधारभूत मान्यता :** (१) सम्वन्धित स्थानीय तहमा विपद् पीडितलाई क्षतिका आधारमा सीमा रकम तोकी राहत रकम उपलव्ध गराईनेछ।

(२) मौसम अनुसार समय मै खेती/पालन व्यवसाय संचालन हुन नसकेको अवस्थामा कार्यक्रम गर्न बीउ /वेर्ना/नश्ल तथा मल वा दाना खरिद गर्न पीडित कृषकलाई नगदमा नै उपलव्ध गराईनेछ।

६. **विपदबाट हुने क्षतीको किसिम :** विपद्बाट भएको देहाय वमोजिमको क्षतिलाई राहत सहयोग प्रदान गरिनेछ :

(क) कृषि बाली बस्तु विशेष क्षेत्रको हकमा सुख्खा, बाढी, पहिरो, नदी कटान, डुबान, हावा हुरी, बतास, आगलागी चट्याङ्ग, रोग तथा किरा आदिको आक्रमणले खेत, बारी, वगैचा र फर्ममा रहेका खडा बाली बस्तु विशेष र कृषि पूर्वाधारमा उत्पादनदेखि बजारीकरणको अवस्थासम्म पूर्ण रुपमा वा आंशिक रुपमा नोक्सानी भएमा,

(ख) पशुपन्छी क्षेत्रको हकमा विपद्को घटनावाट पशुपन्छी तथा माछा पूर्ण रुपमा वा आंशिक रुपमा मर्न गई व्यवसायमा क्षति भएमा,

(ग) पशुपन्छीको गोठ खोर र माछा पोखरी पूर्ण वा आंशिक रुपमा क्षति भएमा र

(घ) बालीबस्तु विशेष, पशुपन्छी तथा मत्स्य पालन व्यवसायमा प्रयोग हुने मेशिनरी उपकरणको क्षति भएमा।

७. **<u>राहत अनुदान सहयोग रकम उपलव्ध गराउने आधार</u>** : (१) विपद्‌बाट भएको देहायबमोजिमको क्षतिलाई आधार मानी राहत सहयोग प्रदान गरिनेछ :

(क) कृषि बालीबस्तु विशेष क्षेत्रको हकमा उत्पादन देखि बजारीकरणको अवस्थासम्म पूर्ण रुपमा  वा आंशिक रुपमा नोक्सानी भएमा उत्पादन लागत अनुमानको आधारमा मात्र,

(ख) पशुपन्छी क्षेत्रको हकमा विपद्‌को घटनाबाट पशुपन्छी तथा माछा पूर्ण रुपमा वा आंशिक रुपमा क्षति भई व्यवसायमा क्षति भएमा लाग्ने लागत अनुमानको आधारमा मात्र,

(ग) पशुपन्छीको गोठ, खोर र माछा पोखरी पूर्ण वा आंशिक रुपमा क्षति भएमा लाग्ने लागतको आधारमा मात्र र

(घ) वाली बस्तु विशेष, पशुपन्छी तथा मत्स्यपालन व्यवसायमा प्रयोग हुने मेशिनरी उपकरणको क्षति भएमा लाग्ने लागतको प्रतिशतको आधारमा मात्र,

(२) यस कार्यविधिको दफा ७ उपदफा १ को खण्ड क, ख, ग र घ को आधारमा लागत अनुमान अधिकतम सीमा रकम भन्दा बढी भएको खण्डमा अधिकतम सीमाभित्रको रकम मात्र उपलव्ध गराईनेछ ।

(३) विपद्‌बाट भएको देहायका बमोजिमको क्षतिलाई राहत सहयोग प्रदान गराईने छैन :

(क) कृषिको कुनै पनि उपक्षेत्रमा तत्काल आंशिक वा पूर्ण भौतिक क्षति भई उत्पादनका प्रतिकूल असर नपर्ने प्रमाणित भएमा कुनै पनि राहत रकम उपलव्ध गराईने छैन।

(ख) कृषिको कुनै पनि उपक्षेत्र बाहेक अन्य क्षेत्र जस्तै वन पैदावार, जडीवुटी र जङ्गली जनावर आदिमा राहत रकम उपलव्ध गराईने छैन।

(ग) कृषकले जानीजानी आफू खुसी वा मानवीय त्रुटीका कारण क्षति भएको प्रमाणित भएमा राहत रकम उपलव्ध गराईने छैन।

(घ) कार्यविधि स्वीकृत हुनु पूर्वका क्षतिलाई राहत रकम उपलव्ध गराईने छैन।

## परिच्छेद ४

## राहत रकम संचालन व्यवस्था र खर्च प्रक्रिया

**८. राहत अनुदान सहयोग रकम उपलव्ध गराउने :** (१) प्रकोपबाट कृषि तथा पशुपन्छी क्षेत्र तथा उपक्षेत्रमा क्षति भएको पाईएमा देहायबमोजिमको राहत रकम प्रदान गरिने छ :

| क्र.स | क्षेत्र वा उपक्षेत्र | क्षतिको अवस्था | रकम उपलव्ध गराउने आधार | अधिकतम सीमा |
|---|---|---|---|---|
| (क) | खाद्यान्न बाली | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु तीस हजार प्रति हेक्टर |
| (ख) | तरकारी बाली | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु तीस हजार प्रति हेक्टर |
| (ग) | फलफूल बाली | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु तीस हजार प्रति हेक्टर |
| (घ) | च्याउ खेती | पूर्ण वा आंशिक रुपमा | क्षति, साईज र लागत अनुमानका आधारमा | रु दस हजार प्रति टनेल |
| (ङ) | मौरी पालन | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु एक हजार प्रति गोला |
| (च) | रेशम पालन | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु तीस हजार प्रति हेक्टर |
| (छ) | मौरी घार | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु एक हजार प्रति घार |
| (ज) | गाई, भैसी, घोडा, खच्चड | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु विस हजार प्रति गोटा |
| (झ) | पाँडापाँडी र वाच्छा वाच्छी | मरेमा | उमेर र लागत अनुमानका आधारमा | एक वर्ष मूनि रु पाँच हजार सम्म<br>एक वर्ष माथि रु दश हजार प्रति संख्या |
| (ञ) | भेडा र बाख्रा | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु पाँच हजार प्रति संख्या |
| (ट) | श्रम गर्ने पशु | अपाङ्ग भएमा | क्षति र लागत अनुमानका आधारमा | रु दस हजार प्रति गोटा |
| (ठ) | माछा भुरा | मरेमा | साईज र लागत अनुमानका | रु एक प्रति गोटा |

| | | | | |
|---|---|---|---|---|
| | | | आधारमा | |
| (ड) | माछा | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु पचास हजार प्रति हेक्टर |
| (ढ) | लोकल गिरीराज | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु पाँच सय प्रति गोटा |
| (य) | लेयर्स | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु एक सय प्रति गोटा |
| (र) | ब्रोइलर | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु एक सय प्रति गोटा |
| (ल) | अष्ट्रिच | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु दस हजार प्रति गोटा |
| (व) | पशु गोठ | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | प्रति वर्ग फिट रु १५० |
| (श) | बाख्रा खोर | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | प्रति वर्ग फिट रु १५० |
| (ष) | कुखुरा खोर | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | प्रति स्क्वायर फिट वढीमा रु दश |
| (स) | माछा पोखरी | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु पचास हजार सम्म प्रति हेक्टर |
| (ह) | अन्य पूर्वाधार तथा उत्पादन सामग्री | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु पचास हजार सम्म |
| (क्ष) | अन्य कृषि तथा पशुपन्छी | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | समितिले तय गर्ने |

(२) सरकारी र स्थानीय तहको दररेट अनुसार लागत रकम तय गरिनेछ।

(३) प्रहरी मुचुल्का र स्थलगत अनुगमनका आधारमा क्षति भएको क्षेत्रफल र संख्यालाई आधार मानिनेछ।

(४) कृषि तथा पशुपन्छी क्षेत्र वा उपक्षेत्रमा अधिकतम सीमाभन्दा बढी रकम उपलव्ध गराईने छैन।

(५) राहत रकम प्रकोपबाट कृषि क्षेत्रमा क्षति पुगेको संस्था, फर्म, समुदाय, व्यक्ति वा निजको परिवारलाई मात्र राहत रकम उपलव्ध गराईनेछ।

(६) दैवि प्रकोपबाट क्षति पुगेमा पिडितले तुरुन्त नजिकको प्रहरी कार्यालय र सम्वन्धित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल वा विज्ञ केन्द्रमा जानकारी गराउनु पर्नेछ।

(७) सम्बन्धित कार्यालयले प्राविधिक टोली बनाई स्थानीय तहको सहयोगमा निरीक्षणको लागि प्रभावित क्षेत्रमा पुगी आवश्यक जानकारी लिनेछ र सो को जानकारी छिटो माध्यमबाट जानकारी गराउनु पर्नेछ।

(८) जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिले निर्णय प्रतिलिपि सहित सम्वन्धित कार्यालयको राहत सिफारीस समितिको निर्णय र सम्वन्धित निर्देशनालय मातहत रहने राहत कार्यान्वयन समितिले मन्त्रालयमा राहत माग गर्न सक्नेछन्।

(९) मन्त्रालयको राहत व्यवस्थापन समितिको निर्णयानुसार पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट दैवि प्रकोप उद्धार सहयोग कार्यक्रमबाट राहत रकम उपलव्ध गराईने छ ।

९. <u>भुक्तानी विधि</u> : यस कार्यविधि बमोजिम उपलव्ध गराइने राहत सहयोग रकम देहाय अनुसार भुक्तानी गरिनेछ।

(क) अनुसूची १ बमोजिमका भुक्तानीको लागि संलग्न कागजातहरु पेश भएपछि निर्देशकबाट अन्तिम स्वीकृत पश्चात स्वीकृत रकम सम्वन्धित निवेदकको वैङ्क खातामा पठाइनेछ।

(ख) संघीय सरकार, स्थानीय तह र अन्य निकायबाट राहत अनुदान रकम प्राप्त व्यक्ति वा फर्मलाई दोहोरो पर्ने गरी राहत रकम उपलव्ध गराईने छैन ।

(ग) खण्ड क बमोजिम रकम भुक्तानी प्रक्रियाको क्रममा वा भुक्तानी भइसकेपछि झुठा ठहरिएमा रकम रोक्का राखिने वा सरकारी रकम बाँकी सरह असुलउपर गरिनेछ।

## परिच्छेद ५

## <u>विपद व्यवस्थापनमा संरचनागत व्यवस्था र भूमिका</u>

१०. <u>समितिहरुको गठन</u> : (१) राहत रकम उपलव्ध गराउन मन्त्रालय मातहत तीन वटा समितिको गठन हुनेछन्।

(२) जिल्लास्तरमा देहायबमोजिमको राहत सिफारीस समिति गठन हुनेछ :

| | | |
|---|---|---|
| (क) | प्रमुख सम्वन्धित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |

| | | |
|---|---|---|
| (ग) | सम्वन्धित स्थानीय तहको कृषि वा पशु सेवा वा मत्स्य प्राविधिक | सदस्य |
| (घ) | सम्वन्धित बाली विशेषज्ञ वा पशु चिकित्सक/मत्स्य विकास अधिकृत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| (ङ) | कृषि प्रसार अधिकृत वा पशु विकास अधिकृत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य सचिव |

(४) निर्णय प्रक्रियामा आवश्यकता परेमा राहत सिफारिस समितिले बढीमा ३ जनासम्म सम्वन्धित विषयको विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) राहत कार्यक्रम सिफारिश समितिको काम, कर्तव्य र छनौट गर्ने अधिकार देहाय बमोजिम हुनेछः

(क) दैवि प्रकोप भए नभएको अनुगमन गर्ने।

(ख) क्षतिबारे आवश्यक जानकारी लिन अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ग) दैवि प्रकोपबाट पीडित समुदायका कृषकहरुलाई सुझाव दिने।

(घ) क्षति सम्वन्धी आवश्यक विवरण लिन प्राविधिक टोली गठन गरी परिचालन गर्ने ।

(ङ) अनुसुची ३ बमोजिम लागत अनुमान विवरण तयार गरी राहत रकम यकिन गर्ने ।

(६) राहत कार्यक्रम सिफारिश समितिको निर्णय र प्रतिवेदन सम्वन्धित कार्यालयले तयार गरी सम्वन्धित निर्देशनालयमा पठाउनु पर्नेछ।

(७) कृषि क्षेत्रको हकमा देहाय बमोजिमको राहत कार्यक्रम कार्यान्वयन समिति गठन हुनेछः

| | | |
|---|---|---|
| (क) | निर्देशक, कृषि विकास निर्देशनालय | संयोजक |
| (ख) | प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (ग) | आर्थिक प्रशासन प्रमुख वा प्रतिनिधी, कृषि विकास निर्देशनालय | सदस्य |
| (घ) | वरिष्ठ अधिकृत, (प्रमुखले तोकेको) | सदस्य |
| (ङ) | वरिष्ठ बाली संरक्षण अधिकृत | सदस्य सचिव |

(८) राहत कार्यक्रम कार्यन्वयन समितिले आवश्यकता ठानेमा बढीमा ३ जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) पशुपन्छी तथा मत्स्य क्षेत्रको हकमा देहाय बमोजिमको राहत कार्यक्रम कार्यान्वयन समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | संयोजक |
| (ख) | प्रमुख, पशुपन्छी विकास तथा प्रवर्द्धन महाशाखा | सदस्य |
| (ग) | आर्थिक प्रशासन प्रमुख वा प्रतिनिधी, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (घ) | मत्स्य विकास अधिकृत | सदस्य |
| (ङ) | पशु विकास अधिकृत | सदस्य सचिव |

(१०) राहत कार्यक्रम कार्यान्वयन समितिले आवश्यकता ठानेमा बढीमा ३ जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(१२) मन्त्रालय स्तरमा देहाय बमोजिमको राहत कार्यक्रम व्यवस्थापन समिति गठन गरिनेछ :

| | | | |
|---|---|---|---|
| (क) | सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | निर्देशक | कृषि विकास निर्देशनालय | सदस्य |
| (ग) | निर्देशक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (घ) | प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | सदस्य |
| (ङ) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि ब्यबसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (च) | प्रमुख | पशुपंछी विकास महाशाखा | सदस्य |
| (छ) | प्रमुख | भुमि ब्यबस्था महाशाखा | सदस्य |
| (ज) | प्रतिनिधि | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| (झ) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य सचिव |

(१३) राहत कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता ठानेमा कुनै विज्ञ विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१४) राहत कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछः

(क) प्राकृतिक प्रकोप उद्धार सहयोग कार्यक्रममा राहत रकमको सीमा तोक्ने,

(ख) अन्य समितिबाट मूल्याङ्कन भई आएका राहत सम्वन्धी निर्णयहरु उपर छलफल गरी औचित्य हेरी स्वीकृत गर्ने,

(ग) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि समितिमा फिर्ता पठाउन सक्नेछ भने आवश्यकता अनुसार फिल्ड प्रमाणीकरण कार्य पुनः गराउन सक्नेछ ।

(१५) स्थानीय विपद् व्यवस्थापन समिति वा जिल्ला विपद् व्यवस्थापन समितिले निर्णय प्रतिलिपि सहित सम्वन्धित कार्यालयमा सिफारीस गर्नुपर्नेछ।

## परिच्छेद ६
## विविध

**११. <u>सरकारी बाँकी सरह असुल उपर हुने</u>** : कसैले कार्यविधि वमोजिम राहत रकम भुक्तानी भइसकेपछि झुठा ठहरिएमा बैङ्कमा पत्र लेखी रकम रोक्का राखिने वा राहत रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

**१२. <u>अनुगमन गर्नुपर्ने</u>** : राहत कार्यक्रमको अनुगमन निरीक्षण सम्बन्धी व्यवस्थाहरु देहायबमोजिम हुनेछ :

(क) सम्वन्धित कार्यालय, सम्वन्धित निर्देशनालय र मन्त्रालयले कार्यविधि वमोजिम उपलव्ध गराइएको राहत कार्यक्रम अनुगमन गर्न सक्नेछ।

(ख) राहत कार्यक्रमको अनुगमन गरेको खण्डमा प्रतिवेदन मथिल्लो निकायमा उपलव्ध गराउनु पर्नेछ।

(ग) राहत कार्यक्रमको अनुगमन गर्दा वा यस सम्वन्धी कामको सिलसिलामा खटाइएको कर्मचारीको दैनिक भ्रमण भत्ता नियमानुसार यसै कार्यक्रमवाट उपलव्ध गराइनेछ।

**१३. <u>कार्यविधिको अन्तिम व्याख्या</u>** : यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बुदाँहरु बाझिन गएमा वा द्विविधा उत्पन्न भएमा कार्यविधिको भावना र मर्ममा प्रतिकूल नहुने गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले अन्तिम व्याख्या गर्न सक्नेछ।

**१४. <u>कार्यविधि संशोधन एवम् खारेजी</u>** : (१) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यबधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको संशोधन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गर्नसक्नेछ ।

(२) यो कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ ।

## अनुसुची-१

## राहत रकमको प्राप्त गर्नको लागि आवश्यक पर्ने कागजातहरु

१. रु १० को टिकट टाँसी अनुसूची-२ अनुसारको सम्वन्धित व्यक्तिको आवेदन फारम,

२. विपद्बाट भएको क्षति यकिन हुने स्थानीयको रोहवरमा भएको मुचुल्का,

३. नेपाली नागरिकता र जग्गाको प्रमाणित प्रतिलिपी,

४. कृषि प्राविधिकको क्षतिको मूल्याकन प्रतिवेदन,

५. जिल्ला दैवि प्रकोप उद्धार समिति वा स्थानीय दैवि प्रकोप उद्धार समितिको निर्णयको प्रतिलिपि,

६. पीडित कृषकको बैङ्क खाता नं.,

७. राहत सिफारिस समितिको क्षतिको मूल्याङ्कन सहितको सिफारिस पत्र,

८. राहत कार्यक्रम कार्यान्वयन समितिको निर्णय,

९. सम्वन्धित स्थानीय तहको सिफारिस,

१०. क्षति देखिने फोटो /दृष्य/बृत्तचित्र,

११. राहत कार्यक्रम व्यवस्थापन समितिको निर्णय,

१२. अन्य प्रमाणित प्रमाणपत्रहरुको प्रतिलिपिहरु,

**अनुसूची-२**

**निवेदनको ढाँचा**

श्रीमान् प्रमुख ज्यू, मितिः

कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

............... ।

**विषयः राहत सम्बन्धमा सिफारिश गरिदिनु हुन।**

उपरोक्त सम्वन्धमा ............... ............... ............... विपद्ले मेरो खेत/बारी/बगैचा/फर्ममा ............... ...............क्षेत्रफलमा रहेको ............... ............... ............... ............बाली/पशुपन्छी/माछा/पूर्वाधारमा आंशिक/पूर्ण रुपमा नष्ट भई रु ............... ............... बराबरको अनुमानित रकम क्षति भएकोले दैवि प्रकोप उद्धार सहयोग कार्यक्रमबाट मेरो परिवारलाई प्रदेश सरकारको तर्फबाट आवश्यक राहत रकम उपलव्ध गराउन तपसिल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरिएको व्यहोरा अनुरोध छ ।

**संलग्न कागजातहरु**

(१) विपद्बाट भएको क्षति यकिन हुने स्थानीयको रोहवरमा भएको मुचुल्का,

(२) नेपाली नागरिकता र जग्गाको प्रमाणित प्रतिलिपि,

(३) कृषि प्राविधिकको क्षतिको मूल्याङ्कन प्रतिवेदन,

(४) जिल्ला दैवि प्रकोप उद्धार समिति वा स्थानीय दैवि प्रकोप उद्धार समितिको निर्णयको प्रतिलिपि,

(५) पीडित कृषकको बैङ्क खाता नं.,

(६) सम्वन्धित स्थानीय तहको सिफारिस,

(७) क्षति देखिने फोटो /दृष्य/बृत्तचित्र,

(८) अन्य प्रमाणित प्रमाणपत्रहरुको प्रतिलिपहरु

नामः

हस्ताक्षर

ठेगानाः

# अनुसूची ३

## <u>अनुमानित लागत विवरणको ढाँचा</u>

पीडित कृषकको नामः ठेगानाः

क्षेत्र/उपक्षेत्रः लगाएको क्षेत्रफल वा संख्याः

क्षतिको कारणः क्षतिको अवस्थाः

क्षति अवधिसम्म लागत रकमः

| क्र.स | विवरण | इकाई | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| क | उत्पादन सामाग्री खर्च रकम | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख | मेशीनरी औजार खरिद गरेको रकम | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ग | पूर्वाधार निर्माण खर्च रकम | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | कूल जम्मा | | | | | |

............... ............... ............... ............... ............... ...............

तयार गर्नेको सहि सिफारिश गर्नेको सहि प्रमाणित गर्नेको सहि